# अर्धवार्षिक बुलेटिन
## २०७८/०७९



नेपाल सरकार

गृह मन्त्रालय

## जिल्ला प्रशासन कार्यालय, पाल्पा

१३ माघ, २०७८

अर्धवार्षिक बुलेटिन ०७८/०७९ जिल्ला प्रशासन कार्यालय, पाल्पा

# प्रमुख जिल्ला अधिकारीको भनाई

जिल्लामा शान्ति सुरक्षा कायम गर्ने, अपराधिक गतिविधिहरु हुन नदिने, अनपेक्षित रुपमा यस्ता घटनाहरु भएमा अपराधीलाई कानूनको दायरामा ल्याउने, प्रचलित कानून बमोजिम नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहवाट संचालित विकास निर्माणको काममा आवश्यक सहजिकरण र समन्वय गर्ने तथा सम्पूर्ण जिल्लावासी, आम नागरिक, आन्तरिक तथा बाह्य पर्यटकहरूको आवतजावतमा सहज परिस्थिति कायम र सुरक्षा प्रदान गर्ने कार्य जिल्ला प्रशासन कार्यालयको मुख्य जिम्मेवारीमा पर्दछ। कार्यालयको दैनिक प्रशासन संचालन गरी नागरिकता, राहदानी, विभिन्न प्रकृतिका सिफारिसहरु प्रदान गर्ने विभिन्न तहका विपद् व्यवस्थापन समितिसँग समन्वय गरी जिल्लामा आई पर्ने कोभिड संकट लगायत विपद्जन्य घटनाहरुको व्यवस्थापन गर्ने, प्रचलित कानूनको अधिनमा रही आफ्नो क्षेत्राधिकार भित्रका अर्धन्यायीक कार्यहरूको शुरू कारवाही र न्यायीक निरुपण गर्ने, सम्मानित अदालतका फैसला कार्यान्वयन गर्ने गराउने, सार्वजनिक सम्पत्तिहरूको रेखरेख र संरक्षण गर्ने तथा विभिन्न संवैधानिक निकायहरू तथा आयोगहरूले प्रत्यायोजन गरेका कार्यहरु सम्पादन गर्ने जिम्मेवारी समेत जिल्ला प्रशासन कार्यालयको कार्यक्षेत्र भित्र पर्ने गर्दछन । यसका साथै नेपाल सरकार, विषयगत मन्त्रालयहरू, प्रदेश सरकारले विभिन्न समयमा तोकेका थप जिम्मेवारी बहन गर्ने समेत जिल्ला प्रशासन कार्यालयको कर्तव्य हो ।

जिल्ला प्रशासन कार्यालयबाट सम्पादित मुख्य-मुख्य कार्यहरुको अभिलेखिकरणले भोलिका दिनमा सोही प्रकृतिका अन्य कार्य सम्पादन गर्न आवश्यक मार्गदर्शन र पृष्ठपोषण प्राप्त हुने, आगामी दिनहरुमा प्रभावकारी कार्यसम्पादन गर्नको लागि उपयुक्त योजना, रणनीति र प्राथमिकताहरु निर्धारण गरी सहजरूपमा कार्यान्वयन गरी लक्षित उपलब्धी प्राप्त गर्न सकिने र विभिन्न समयमा सम्पादित कार्यहरूको अभिलेखलाई दस्तावेजको रुपमा समेत उपयोग गर्न सकिने हुँदा नेपाल सरकार गृह मन्त्रालयका विभिन्न मितिका परिपत्र तथा मार्गनिर्देशनहरूलाई समेत ध्यानमा राखी आ.व. २०७८/७९ को अर्धवार्षिक अवधिमा गरिएका क्रियाकलाप समेटेर जिल्ला प्रशासन कार्यालय, पाल्पाले यो अर्धवार्षिक बुलेटिन प्रकाशन गरेको छ ।

हालसम्म अनवरत रुपमा आवश्यक मार्गदर्शन, पृष्ठपोषण, समन्वय र सहजीकरण गर्ने नेपाल सरकार, गृह मन्त्रालय र प्रदेश आन्तरिक मामिला तथा संचार मन्त्रालय, माननीय सांसदज्यूहरु तथा माननीय प्रदेश सभा सदस्यज्यूहरु, सुरक्षा निकाय, स्थानीय तह, जिल्ला स्थित सम्पूर्ण कार्यालयहरु, राजनीतिक दल, उद्योग वाणिज्य संघ, व्यापार संघ, संघ संस्था र संचारकर्मीहरु, सम्पूर्ण जिल्लावासी महानुभावहरुमा हार्दिक आभार प्रकट गर्दछु । यसै सन्दर्भमा कोभिड-१९ को संक्रमण न्यूनिकरण, उपचार र यस सम्बन्धी व्यवस्थापनमा अहोरात्र खटिने स्थानीय तहका पदाधिकारी, स्वास्थ्यकर्मी र राजनैतिक नेतृत्वको योगदानलाई यस अवसरमा विशेष स्मरण गर्दै हार्दिक धन्यवाद ज्ञापन गर्दछु।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय पाल्पा

.............................

(जगन्नाथ पन्त)
प्रमुख जिल्ला अधिकारी

**जगन्नाथ पन्त**
**प्रमुख जिल्ला अधिकारी**

**विषय सूची**


१. परिचय

२. दृष्टिकोण

३. लक्ष्य

४. उद्देश्य

५. स्थानीय तहहरुको नामावली

६. निकायको काम, कर्तव्य र अधिकार (स्थानीय प्रशासन ऐन, २०२८ बमोजिम तोकिएको कार्य)

७.१ जिल्ला प्रशासन कार्यालय पाल्पाको संगठनात्मक संरचना

७.२ निकायमा रहने कर्मचारीको संख्या र कार्यविवरण

८. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण

९. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवा

१०. सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

११. कार्यालय प्रमुख र सूचना अधिकारी

१२. सम्पादन गरेको कामको विवरणः- २०७८ श्रावण देखि २०७८ पौष मसान्तसम्मको अर्धवार्षिक प्रगती

१३. विपद् व्यवस्थापन सम्बन्धी

१३.१. विपद व्यवस्थापन समितिको बैठक र निर्णय

१३.२. पाल्पा जिल्लामा विपद् व्यवस्थापन सम्बन्धी सम्पर्क व्यक्तिहरु

१३.३. जिल्ला/स्थानीय तहका प्रमुख विपद घटनाहरु

१३.४. जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका अन्य उल्लेख्य कार्यहरु

१३.५. विपद व्यवस्थापनमा देखिएका समस्याहरु

१४. कोभिड-१९ रोकथाम, नियन्त्रण तथा उपचार सम्बन्धी

१५. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन

१६. पाल्पा जिल्लाका सरकारी कार्यालयका सम्पर्क नम्बर

१७. जिल्ला प्रशासन कार्यालयमा पेश गरिने निवेदनको नमूना/ढाँचा

१८. तस्बीर

## १. परिचय

लुम्बिनी प्रदेशमा रहेका १२ जिल्ला मध्ये पाल्पा जिल्ला एक पहाडी जिल्ला हो। यस जिल्लाको सदरमुकाम तानसेनमा पर्दछ भने यसको क्षेत्रफल १३७३ वर्ग कि.मी रहेको छ। राष्ट्रिय जनगणना २०७८ को प्रारम्भिक विवरण अनुसार पाल्पा जिल्लाको कूल जनसंख्या २,४२,४२३ रहेको छ, जसमध्ये पुरुष १,११,९४० (४६.१८%) र महिला १,३०,४८३ (५३.८२%) रहेका छन् ।यसै प्रारम्भिक विवरण अनुसार स्थानीय तहको जनसंख्या पनि उल्लेख गरिएको छ ।

दुई वटा संघीय निर्वाचन क्षेत्र र ४ वटा प्रादेशिक निर्वाचन क्षेत्र रही स्थानीय तहको पुनः संरचना पश्चात १० वटा स्थानीय तहमा विभाजन गरिएको पाल्पा जिल्लामा २ नगरपालिका र ८ गाउँपालिका रहेका छन् भने जसमा जम्मा ८१ वटा वडाहरू रहेका छन ।

## २. दृष्टिकोण

जिल्लामा शान्ति सुरक्षा र सुशासन कायम गर्ने ।

## ३. लक्ष्य

नेपालको संविधान तथा कानुनद्वारा प्रत्याभूत नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार लगायत लोकतान्त्रिक मूल्य र मान्यतालाई सम्मान गर्दै शान्ति सुरक्षा र सुशासन कायम गर्ने रहेको छ । जनताको माग र आधारभूत आवश्यकता अनुरुप स्थानीय प्रशासनलाई सञ्चालन गरी जिल्लामा भरपर्दो शान्ति-सुरक्षा कायम गर्नु यस कार्यालयको लक्ष्य रहेको छ ।

## ४. उद्देश्य

जिल्लामा शान्ति-सुरक्षा कायम गरी जनताको जिउ, धन र स्वतन्त्रताको संरक्षण गर्ने र सार्वजनिक सेवा वितरणलाई प्रभावकारी बनाई सुशासनको प्रत्याभूति गराउने यस कार्यालयको मूलभूत उद्देश्यहरु रहेका छन्।

## ५. स्थानीय तहहरुको नामावली

### १. तानसेन नगरपालिका

पाल्पा जिल्लाको सदरमुकाममा तानसेन नगरपालिका रहेको छ। जसको जनसंख्या ५१,४७० र क्षेत्रफल १०९.८ वर्गकिलोमिटर रहेको छ।यस नगरपालिकालाई १४ वडामा विभाजन गरिएको छ।

## २. रामपुर नगरपालिका

पाल्पा जिल्लामा अवस्थित यस नगरपालिकाको क्षेत्रफल १२३.३४ वर्गकिलोमिटर रहेको छ । कूल जनसंख्या ३९,१९० रहेको छ । यो नगरपालिकामा १० वटा वडा रहेका छन् ।

## ३. रैनादेवी छहरा गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकको कूल जनसंख्या २३,१२४ रहेको छ । यस गाउँपालिकाको क्षेत्रफल १७५.८८ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिकामा ८ वटा वडा रहेका छन् ।

## ४. रिब्दीकोट गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकको कूल जनसंख्या १५,६३६ रहेको छ । रिब्दीकोट गाउँपालिकाको क्षेत्रफल १२४.५५ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिकामा ८ वटा वडा रहेका छन् ।

## ५. तिनाउ गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकाको कूल जनसंख्या १८,२९१ रहेको छ ।यस गाउँपालिकाको क्षेत्रफल २०२ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिकामा ६ वटा वडा रहेका छन् ।

## ६. निस्दी गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकाको कुल जनसंख्या १७,६२९ रहेको छ । निस्दी गाउँपालिका १९४.५ वर्गकिलोमिटर क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिकामा ७ वटा वडा रहेका छन् ।

## ७. पूर्वखोला गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकको कूल जनसंख्या १६,१४५ रहेको छ । पूर्वखोला गाउँपालिकाको क्षेत्रफल १३८.०५ वर्गकिलोमिटर रहेको छ । यो गाउँपालिकामा ६ वटा वडा रहेका छन् ।

### ८. बगनासकाली गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकाको कुल जनसंख्या १६,९३४ रहेको छ। बगनासकाली गाउँपालिकाको क्षेत्रफल ८४.१७ वर्गकिलोमिटर रहेको छ। यो गाउँपालिकामा ९ वटा वडा रहेका छन्।

### ९. माथागढी गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकको कूल जनसंख्या २४,०२४ रहेको छ। माथागढी गाउँपालिकाको क्षेत्रफल २१५.५९ वर्गकिलोमिटर रहेको छ। यो गाउँपालिकामा ८ वटा वडा रहेका छन्।

### १०. रम्भा गाउँपालिका

पाल्पा जिल्लामा अवस्थित यस गाउँपालिकको कूल जनसंख्या १७,०७७ रहेको छ। रम्भा गाउँपालिकाको क्षेत्रफल ९४.१२ वर्गकिलोमिटर रहेको छ। यो गाउँपालिकामा ५ वटा वडा रहेका छन्।


**स्थानीय तहको क्षेत्रफल र जनसंख्या विवरण तालिका**

| सि.नं. | स्थानीय तह | क्षेत्रफल (वर्ग किलोमिटर) | जनसंख्या | केन्द्र |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | १०९.८ | ५१४७० | तानसेन |
| २ | रामपुर नगरपालिका | १२३.३४ | ३९१९० | रामपुर |
| ३ | रैनादेवी छहरा गाउँपालिका | १७५.८८ | २३१२४ | छहरा |
| ४ | रिब्दीकोट गाउँपालिका | १२४.५५ | १५६३६ | खस्यौली |
| ५ | तिनाउ गाउँपालिका | २०२ | १८२९१ | दोभान |
| ६ | निस्दी गाउँपालिका | १९४.५ | १७२२९ | मित्याल |
| ७ | पूर्वखोला गाउँपालिका | १३८.५ | १६१४५ | रिङ्नेरह |
| ८ | बगनासकाली गाउँपालिका | ८४.१७ | १६९३४ | चिर्तुङधारा |
| ९ | माथागढी गाउँपालिका | २१५.५९ | २४०२४ | झडेवा |
| १० | रम्भा गाउँपालिका | ९४.१२ | १७०७७ | पिपलडाँडा |

## ६. जिल्ला प्रशासन कार्यालयको काम, कर्तव्य र अधिकार (स्थानीय प्रशासन ऐन, २०२८)

- जिल्लामा शान्ति, सुरक्षा र सुव्यवस्था कायम राख्ने ।
- जिल्लामा संचालित विकासको कार्यहरुमा सहयोग र समन्वय गर्ने ।
- जिल्ला भित्र रहेका नेपाल सरकारको सम्पत्तिको रेखदेख, सम्भार तथा मर्मत गर्ने गराउने।
- नेपाल सरकारले दिएका आदेश वा निर्देशन अनुसारका काम कारवाही गर्ने ।

## ७.१ जिल्ला प्रशासन कार्यालय पाल्पाको संगठनात्मक संरचना



## ७.२ कर्मचारी दरबन्दी विवरण

| सि.नं. | पद | दरबन्दी संख्या | पदपूर्ति | कैफियत |
|---|---|---|---|---|
| १ | प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| २ | सहायक प्रमुख जिल्ला अधिकारी | १ | १ | |
| ३ | प्रशासकीय अधिकृत | २ | २ | |
| ४ | नायब सुब्बा | ७ | ६ | १ लोक सेवा आयोगमा माग गरेको |
| ५ | लेखापाल | १ | १ | |
| ६ | कम्प्यूटर अपरेटर | २ | ० | २ लोक सेवा आयोगमा माग गरेको<br>१ करारमा कार्यरत |
| ७ | खरिदार | ४ | ४ | |
| ८ | हलुका सवारी चालक | २ | २ | |
| ९ | कार्यालय सहयोगी | ७ | ६ | १ जना रिक्त |
| १० | विवरण दर्ता अपरेटर/दर्ता सहयोगी | - | - | राष्ट्रिय परिचयपत्र तथा पन्जिकरण विभाग र निर्वाचन आयोग अन्तर्गत -४ |
| | जम्मा | २७ | २३ | |



**प्रमुख जिल्ला अधिकारी**
**जगन्नाथ पन्त**



**सहायक प्रमुख जिल्ला अधिकारी**
शशीधर घिमिरे

**प्रशासकीय अधिकृत**
यज्ञश्वर पन्थी

**प्रशासकीय अधिकृत**
रमा श्रेष्ठ





| कर्मचारी विवरण | | | | | |
|---|---|---|---|---|---|
| क्र.सं. | कोठा नं. | पद | नामथर | शाखा | सम्पर्क नं. |
| १ | १ | प्र.जि.अ. | जगन्नाथ पन्त | | ९८५७०५७७७७ |
| २ | ४ | स.प्र.जि.अ. | शशीधर घिमिरे | | ९८५७०६०३३३ |
| ३ | ११ | प्रशासकीय अधिकृत | यज्ञश्वर पन्थी | | ९८५७०६१७५६ |
| ४ | १६ | प्रशासकीय अधिकृत | रमा श्रेष्ठ | | ९८५७०६५५९० |
| ५ | ९ | लेखापाल | मन बहादुर थापा | लेखा शाखा | ९८४७१७७५०१ |
| ६ | १३ | ना.सु. | मनोज आचार्य | नागरिकता शाखा | ९८४७०६८२०६ |
| ७ | १३ | खरिदार | विवस आचार्य | | ९८४६९४८४८६ |
| ८ | | खरिदार | ओम प्रकाश न्यौपाने | | ९८४०५२८७४३ |
| ९ | | खरिदार | वासुदेव पन्थी | | ९८६२९१२३६५ |
| १० | १० | ना.सु. | हरि प्रसाद पन्थी | प्रशासन शाखा | ९८४७०४४९५४ |
| ११ | | क.अ. करार | योगमागा गाहा | | ९८४७१००८४९ |
| १२ | १३ | ना.सु. | इन्दिरा श्रेष्ठ कार्की | राहदानी शाखा | ९८४७१०३३७१ |
| १४ | ६ | ना.सु. | कृष्णप्रसाद भट्टराई | मुद्दा शाखा | ९८५११९८३१३ |
| १५ | | खरिदार | लिलामणी नेपाल | | ९८४७४६७२४० |
| १६ | ७ | ना.सु. | टेक बहादुर घर्ती | अभिलेख शाखा | ९८६७१९०७७९ |
| १७ | १५ | दर्ता अपरेटर | विष्णु कुमारी बिष्ट | राष्ट्रिय परिचयपत्र | ९८६७७८६६८७ |
| १८ | | दर्ता अपरेटर | मधु पाण्डे | | ९८६६२६७६७९ |
| १९ | | दर्ता अपरेटर | कोपिला लम्साल | मतदाता परिचयपत्र | ९८६७३२८३५२ |
| २० | १० | ह.स.चा | कृष्ण बहादुर राना | प्रशासन शाखा | ९८४४७८९९९ |

| | | | | | |
|---|---|---|---|---|---|
| २१ | | ह.स.चा | सुरेश खाती | | ९८६०७८११५० |
| २२ | | का.स. | दिना देवी नकर्मी | | ९८४४७२०५३७ |
| २३ | | का.स. | नेत्र बहादुर खाती | | ९८४७०६७६३५ |
| २४ | | का.स. | अमर बहादुर बोहरा | | ९८६७२०६४९० |
| २५ | | का.स. | एक बहादुर गाहा | | ९८४७२२२८९१ |

## ८. जिल्ला प्रशासन कार्यालयको भवन र सवारी साधनको विवरण

### जग्गाको विवरण

| क्र.सं. | ठेगाना / स्थानीय तह | कित्ता नं. | क्षेत्रफल | कैफियत |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका ४ | २०३ | ५-९-१-१ | दुवै कित्ता २०३ र ७६४ को जग्गामा कार्यालय भवन, आवास गरी ४ वटा भवन रहेको । |
| २ | तानसेन नगरपालिका ४ | ७६४ | ०-१५-१-१ | |
| ३ | तानसेन नगरपालिका ४ | २३४७ | ७-१०-०-१ | पाल्पा दरबार रहेको र सो मा हाल पाल्पा दरबार संग्राहलय संचालन भएको |

### सवारी साधनको विवरण

| क्र.सं. | सवारी साधनको नाम | सवारी नं. | संख्या |
|---|---|---|---|
| १ | बोलेरो जिप | बा २ झ ६१ | १ |
| २ | टाटा सफारी | बा २ झ २१५० | १ |
| ३ | डिस्कभर मोटरसाईकल | लु १ ब १२२३ | १ |
| ४ | यमाहा मोटरसाईकल | लु १ ब ४६४ | १ |

## ९. जिल्ला प्रशासन कार्यालय, पाल्पाबाट प्रदान गरिने सेवाः-

- शान्ति सुरक्षा सम्बन्धी
  - जिल्लामा शान्ति-सुरक्षा कायम राख्ने ।
  - शान्ति-सुरक्षा सम्बन्धी निवेदन, ठाडो उजुरी र गुनासो व्यवस्थापन ।
- सेवा प्रवाह सम्बन्धी
  - नागरिकता वितरण
    - वंशजको आधारमा नागरिकता

- अंगिकृत नागरिकता
  - राहदानी सिफारिश तथा वितरण।
  - नाबालक परिचयपत्र।
  - जनजाति/दलित प्रमाणित।
  - साविकमा जारी भएका नाता प्रमाणित प्रमाणपत्रको प्रतिलिपि।
  - हातहतियार र खरखजानाको इजाजत, नविकरण र नियन्त्रण।
  - संस्था दर्ता, संस्था नविकरण, विधान संशोधन, पत्रिका दर्ता, छापाखाना दर्ता र संचालन स्वीकृति।
- अनुगमन सम्बन्धी
  - बजार अनुगमन (स्थानीय तहको समन्वयमा) ।
  - जिल्ला स्थित कार्यालयहरुको समन्वय र अनुगमन ।
  - विकास निर्माण कार्यमा सहयोग, समन्वय र सहजिकरण।
- विपद व्यवस्थापन सम्बन्धी
  - जिल्ला विपद् सम्बन्धी कार्ययोजना निर्माण ।
  - मनसुन पुर्व आपत्कालीन कार्ययोजना ।
  - विपद् न्यूनीकरणका लागि तयारी ।
  - विपद प्रतिकार्य पूर्व योजना, खोजी, उद्दार, सहयोग, क्षतिपूर्ति ।
- द्वन्द्व पिडितहरुलाई राहत वितरण।
- मुद्दा तथा ठाडो उजुरी सम्बन्धी ।
  - सार्वजनिक मुद्दा।
  - गुनासो वा ठाडो उजुरी।
- हातहतियार इजाजत तथा नवीकरण सम्बन्धी
  - हातहतियार नामसरी, नवीकरण र स्वामित्व हस्तान्तरण।
- संस्था दर्ता तथा नवीकरण सम्बन्धी सेवा
  - संस्था दर्ता / नविकरण।
  - संस्थाको विधान संशोधन।
  - जिल्लामा संस्थाको शाखा खोल्ने स्वीकृति।
- राष्ट्रिय परिचय पत्र सम्बन्धी सेवा
  - नागरिकता प्रमाण पत्र लिएका व्यक्तिहरुको वैयक्तिक तथा जैविक विवरण संकलन गर्ने।
- नेपाली नागिरकहरुको वैयक्तिक र जैविक विवरणहरुको केन्द्रिकृत रुपमा भण्डारण गर्ने।
- मतदाता नामावली संकलन गर्ने ।

**१०. सेवा प्रदान गर्ने शाखा र जिम्मेवार अधिकारीः -**

| सि.नं. | शाखा | जिम्मेवार अधिकारी |
|---|---|---|
| १ | नागरिकता तथा प्रतिलिपी शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत |
| २ | मुद्दा तथा हातहतियार शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत |
| ३ | राहदानी तथा जिन्सी दर्ता शाखा | रमा श्रेष्ठ, प्रशासकीय अधिकृत |
| ४ | अभिलेख व्यवस्थापन शाखा | यज्ञश्वर पन्थी, प्रशासकीय अधिकृत |
| ५ | आर्थिक प्रशासन शाखा | मन बहादुर थापा, लेखापाल |
| ६ | राष्ट्रिय परिचयपत्र | विष्णु कुमारी खत्री, दर्ता कम्प्यूटर अपरेटर |

**११. कार्यालय प्रमुख र सूचना अधिकारी :-**

(क) कार्यालय प्रमुखः-

नाम : जगन्नाथ पन्त

पद : प्रमुख जिल्ला अधिकारी

(ख) सूचना अधिकारीः-

नाम : शशीधर घिमिरे

पद : सहायक प्रमुख जिल्ला अधिकारी

**१२. सम्पादन गरेको कामको विवरणः- २०७८ श्रावण देखि २०७८ पौष मसान्तसम्म अर्धवार्षिक प्रगति**

| | | |
|---|---|---|
| अर्थिक बर्ष २०७८/०७९ को अर्धबार्षिक प्रगति | | |
| क. प्रशासन शाखा | | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १ | नाबालिक परिचय पत्र | ७२ |
| २ | व्यक्ति प्रमाणित लगायत पेन्सन सिफारिस | १३९६ |
| ३ | राष्ट्रिय परिचयपत्र विवरण संकलन | ३३६३४ |
| ४ | फोटो सहितको मतदाता नामावली संकलन | ३०२४ |
| ख. | नागरिकता शाखा | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १ | बंशजको आधारमा नयाँ नागरिकता वितरण | ६२३१ |
| २ | प्रतिलिपि नागरिकता वितरण | १६७३ |
| ३ | वैवाहिक अंगिकृत नागरिकता वितरण | २ |
| ग. राहदानी शाखा | | |
| क्र.सं. | कार्यको विवरण | |

| | | |
|---|---|---|
| १ | साधारण सिफारिस | २२१३ |
| २ | द्रुत सिफारिस | ४६२ |
| ३. | राहदानी वितरण | २२५२ |
| घ . लेखा (राजश्व तर्फ) | | |
| क्र.सं. | कार्यको विवरण | रकम रु. |
| १. | संस्था दर्ता / नविकरण | ७९,४००/- |
| २ | हातहतियार (नविकरण र नामसारी) | ३९,६२५/- |
| ३. | राहदानी दस्तुर | १,१५,७५,०००/- |
| ४ | अन्य प्रशासनिक | ५३३०/- |
| ५. | प्रशासनिक दण्ड जरिवाना र जफत | ६३,१००/- |
| ६ | न्यायिक दण्ड जरिवाना र जफत | – |
| ७ | बेरुजु असुली | ० |
| | जम्मा | ११७६२४५५/- |
| ङ . विपद् व्यवस्थापन तर्फ | | |
| क्र.सं. | कार्यको विवरण | |
| १. | दैवि प्रकोपसम्बन्धी राहत(आगजनी, चट्याङ, बर्षा) | १२,३३,०००/- |
| २. | द्धन्द पिडित | – |
| च | कार्यालय तर्फ | |
| क्र.सं. | कार्यको विवरण | रमक रु. |
| १. | पूजिगत तर्फ कूल खर्च | ७५,०००/- |
| २. | चालु तर्फ कुल खर्च | ७४,२१,०००/- |
| | जम्मा | ७४,९६,००० /- |
| छ.मुद्दा शाखा | | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १. | हातहतियार नविकरण | १३ |
| २. | संस्था दर्ता | ८ |
| ३. | संस्था नविकरण | ७२ |
| ४. | मुद्धा दर्ता | ११ |
| ५. | मुद्धा फैसला | १९ |
| ज. खाद्य तथा गुणस्तर सम्बन्धी अनूगमन तथा नियमन | | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १. | खाद्य नमूना संकलन | ४३ |
| २. | खाद्य सम्बन्धी मुद्धा दायर | ० |
| झ. बजार अनुगमन तथा नियन्त्रण सम्बन्धी कार्य | | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १. | संयुक्त बजार अनुगमन | १० |
| ञ .कार्यालय अनुगमन | | |

| क्र.सं. | कार्यको विवरण | संख्या |
|---|---|---|
| १. | कार्यालय अनुगमन | १० |
| ट. | महत्वपूर्ण बैठकहरु | |
| क्र.सं. | कार्यको विवरण | संख्या |
| १ | कार्यालय प्रमुख बैठक | ६ |
| २ | कार्यालय कर्मचारी बैठक | ६ |
| ३ | जग्गा सिफारिस समितिको बैठक | ९ |
| ४ | मुआब्जा निर्धारण समितिको बैठक | २ |
| ५ | राजमार्ग सुरक्षा समितिको बैठक | १ |
| ६ | सुशासन व्यवस्थापन सम्बन्धी बैठक | १ |
| ७ | पत्रकार तथा राजनैतिक दलसंग भेटघाट | २ |
| ८ | यातायात व्यवस्थापन समितिको बैठक | १ |
| ९ | एम्बुलेन्स व्यवस्थापन समितिको बैठक | १ |
| १० | स्थानीय तहका प्रमुखहरुसंग समन्वय बैठक | १ |
| ११ | सूचना अधिकारीहरुसंगको बैठक | १ |
| १२ | मुख्यमन्त्री र कार्यालय प्रमुखको अन्तरक्रिया | १ |
| ठ | विपद प्रकोप सम्बन्धी | |
| १ | विपद प्रकोप पिडित परिवार संख्या | ९ |
| २ | विपद प्रकोप पिडितलाई राहत रकम | रु २३३०००/- |
| ३ | विपद प्रकोपवाट मृत्यु पुस सम्म | ४ |
| ४ | विपद प्रकोपवाट मृतकलाई राहत रकम | रु ८०००००।- |
| ड | किरिया खर्च | |
| १ | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको किरिया खर्च रकम | परिवार संख्या -१०<br>रु ५,००,०००।- |
| २ | सवारी दुर्घटनाबाट मृत्यु भएका परिवारलाई दिलाइएको बीमा रकम | ३६,२५,०००। |
| ढ | कोभिड -१९ सम्बन्धी — पौष महिनाको मसान्त सम्म | |
| | सक्रिय केस | ८८ |
| | मृत्यु | २५७ |

# १३. विपद् व्यवस्थापन सम्बन्धी

## १३.१. विपद व्यवस्थापन समितिको बैठक र निर्णय

आ.व. २०७८/७९ मा बसेको प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा २ पटक (२०७८/७/२३ गते र २०७८/०९/६) बसेको विपद् व्यवस्थापन समितिको बैठकबाट भएका महत्वपूर्ण निर्णयहरु :

**निर्णयहरु -**

१. सडक पूर्वाधार विकास कार्यालय पाल्पाको च.नं. ३१८ मिति २०७८।९।२ को पत्रवाट उल्लेख भई आएको बिषयमा छलफल भयो । यस जिल्लामा प्राकृतिक विपद्वाट क्षती भएका सडक मध्य तपसिल बमोजिमका सडकहरुलाई पूर्वाधार विकास मन्त्रालय लुम्बिनी प्रदेशमा बजेट समावेश गरी कार्यान्वयन गरि दिनका लागि सिफारिस पठाउने निर्णय गरियो ।

क. डुम्रे खोला बक्स कल्भर्ट मर्मत

ख. हार्थोक –छहरा –तिनगिरे सडक

ग. तानसेन –रानीमहल सडक (चेनेज ० + ०००–६ + ०००)

घ. ताँहू –ओमभञ्ज्याङ्ग–किटेनी सडक

ङ. केलादी –पन्थे–सहलकोट–झ्यालबास–मारन सडक (सहलकोट खण्ड)

च. आर्यभञ्ज्याङ्ग –रामपुर सडक (हुमिन –रामपुर) खण्ड

उपरोक्त अनुसार छनौट भएका सडकहरुका लागि प्राप्त हुने बजेट र सडकको चेनेजवाइज मर्मतको काम आवश्यक स्थानमा गर्ने र काममा दोहोरोपन हुन नदिनको लागि संघिय सडक डिभिजन कार्यालय र सडक पूर्वाधार विकास कार्यालयले समन्वय गर्ने ।

३. कोभिड –१९ संक्रमणको कारण २०७८।५।९ गते सम्म मृत्यु भएका पाल्पा जिल्ला ठेगाना भएका व्यक्तिहरु मध्ये PCR विधिवाट परीक्षण गर्दा संक्रमण पुष्टी भएका ६३ जना मृतकको राहत रकम प्रति व्यक्ति एक लाखका दरले निकासा आई, ५७ जना मृतकको राहत रकम वितरण भई सकेको र हालसम्म नामनामेसी भिडान भएको अभिलेख अनुसार Antigen Test वाट संक्रमण पुष्टी भएका ८१ जना र PCR विधिवाट परीक्षण हुंदा संक्रमण पुष्टी भएका १३७ जना मृतक गरी थप २१८ जनाको राहत रकम उपलब्ध गराई दिन सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

४. यातायात व्यवस्था सेवा कार्यालय पाल्पाको भवन तथा ट्रायल सेन्टर र पार्किङ निर्माणका लागि तानसेन नगरपालिका वडा नं. ७ चुच्चेवारी क्षेत्रमा पर्ने कित्ता नं. ७८ को १७–११–०–१ रोपनी जग्गा सिफारिस गर्दा जिल्ला विपद् व्यवस्थापनका लागि बाधा नपर्ने निर्णय गरियो ।

५. गृह मन्त्रालय विपद् अध्ययन, जोखिम न्यूनिकरण तथा पूनर्लाभ शाखाको च.नं. १६३ मिति २०७८।८।६ को पत्रानुसार बेमौसमी बर्षातका कारण धानबालीमा भएको क्षतीको राहत उपलब्ध गराउने सम्बन्धमा छलफल हुंदा कृषि ज्ञान केन्द्र पाल्पा मार्फत तयार भई आएको तपसिल बमोजिमको राहत निर्धारण गरी सम्बन्धित निकायमा सिफारिस गरी पठाउने निर्णय गरियो ।

**मौसमी बर्षातका कारण धानबालीमा भएको क्षति विवरण**

| क्र स | स्थानिय तहको नाम | किसान सख्या | धान बाली लगाइएको क्षेत्रफल (कठ्ठा | बर्षातका कारण क्षति भएको क्षेत्रफल (कठ्ठा) | जिल्लाको औषत उत्पादन | प्रति क्य धानको मूल्य | क्षति रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | बगनासकाली गा.पा. | ४९ | ५१३.८ | ४८४.५ | १.४ | २३०४.० | ६११४०८.७ | |
| २ | माथागढी गाउँपालिका | १२४ | १८४१.३ | ८३०.३ | १.४ | २३०४.० | ५२४४५९.२ | |
| ३ | पूर्वखोला गाउँपालिका | २३३ | २४७९.८ | १७६६.७ | १.४ | २३०४.० | १९३४४८२.३ | |
| ४ | रामपुर नगरपालिका | १६ | १२६ | ३९.० | १.४ | २३०४.० | १६८१३ | |
| ५ | रैनादेवी छहरा गा.पा. | १९४ | २१६५ | १७६२.५ | १.४ | २३०४.० | २०६९९७५ | |
| ६ | रम्भा गाउँपालिका | ४६ | २३६ | १७०.९ | १.४ | २३०४.० | २५८१५८ | |
| ७ | रिब्दीकोट गाउँपालिका | ६८ | ५८४ | २७१.५ | १.४ | २३०४.० | २२६२६१ | |
| ८ | निस्दी गाउँपालिका | ८७ | १०५९.० | ५२८.८ | १.४ | २३०४.० | ४९१६७३.० | |
| ९ | तानसेन नगरपालिका | ४३ | २८० | २७९.८ | १.४ | २३०४.० | ४१६७३३ | |
| १० | तिनाउ गाउँपालिका | ३९७ | ४०८७ | ३५४५.३ | १.४ | २३०४.० | ४५८९९४९ | |
| | जम्मा | १२५७ | | | | | ११६३९९१२.८ | |

अक्षेरुपी रु एक करोड एघार लाख उन्चालीस हजार नौ सय बाह्र रुपिया पैसा असी मात्र ।

## १३.२ पाल्पा जिल्लामा विपद् व्यवस्थापनका लागि विपद् सम्पर्क व्यक्ति र सम्पर्क नम्बर

### क. स्थानीय प्रशासन अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्बर |
|---|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय | सहायक प्रमुख जिल्ला अधिकारी | शशीधर घिमिरे | ०७५-५२१८९०<br>९८५७०६०३३३ |
| २ | गोरखदल गण | सह सेनानी | विकास थापा | ९८४१६९४४३७ |
| ३ | जिल्ला प्रहरी कार्यालय | प्रहरी निरिक्षक | लक्ष्मण पचभैया | ९८५७०९१०३६ |
| ४ | सशस्त्र प्रहरी बल | सशस्त्र प्रहरी निरिक्षक | हिरा बोहरा | ९८५१२६००६० |

### ख. स्थानीय तह अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | तानसेन नगरपालिका | कार्यक्रम अधिकृत | विष्णु प्रसाद पौडेल | ९८५७०६२५६२ |
| २ | रामपुर नगरपालिका | योजना अधिकृत | कपिल बहादुर खाड | ९८५७०६२०९६ |
| ३ | पूर्वखोला गाउँपालिका | स्वास्थ्य शाखा प्रमुख | मोहन ढकाल | ९८५७०६८७८३ |
| ४ | निस्दी गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | राजु नेपाल | ९८४१३४८६१० |
| ५ | रम्भा गाउँपालिका | अधिकृत | भक्तु जंग राना | ९८४७३८३९२४ |
| ६ | माथागढी गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | दिनेश ज्ञवाली | ९८५७०६८५६८ |
| ७ | तिनाउ गाउँपालिका | स्वास्थ्य संयोजक | कृष्ण कार्की | ९८४७२४३०८२ |
| ८ | रिब्दीकोट गाउँपालिका | अधिकृत | रुकलाल भट्टराइ | ९८५७०६२६४३ |
| ९ | रैनादेवी छहरा गाउँपालिका | ना.सु. | राम प्रसाद पाण्डे | ९८४७०६०८१९ |
| १० | बगनासकाली गाउँपालिका | प्रमुख प्रशासकीय अधिकृत | विष्णु बहादुर घर्ति | ९८५७०६८८६८ |

### ग. विषयगत कार्यालयहरु अन्तर्गत

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | सडक कार्यालय | ईन्जिनियर | रवि शाह | ९८६०६२१७६५ |
| २ | सिचाइ कार्यालय | ईन्जिनियर | उमेश महतो | ९८४४०४६५२९ |
| ३ | भू तथा जलाधार कार्यालय | ईन्जिनियर | राकेश बहादुर कुवर | ९८५७०८११२९ |
| ४ | प्रधानमन्त्री कृषि आधुनिकीकरण परियेजना | प्रमुख | दिपक भट्टराइ | ९८५७०६८१८१ |
| ५ | कृषी ज्ञान केन्द्र | प्रमुख | कामना अधिकारी | ९८५७०६५२९४ |

### घ. अन्य

| सि.न. | कार्यालय / पालिका / संस्था | पद | विपद् Focal Person | सम्पर्क नम्वर |
|---|---|---|---|---|
| १ | रेडक्रस सोसाईटी, पाल्पा | वरिष्ठ कार्यकारी अधिकृत | बाबुराम कार्की | ९८५७०६२७९७ |

## १३.३. जिल्ला/स्थानीय तहका प्रमुख विपद घटनाहरु

यस जिल्लामा मुख्यत विपद्का घटनाहरु देहाय अनुसार रहेको पाईन्छ ।

(क) **आगलागी** यस जिल्लामा शहर बजारमा केन्द्रित घना बस्ती घरहरु पक्की रहेतापनि गाउंमा रहेका प्रायः घरहरु टीनको छानो भएको कच्चीघर, कुनै स्थानमा खर वा फुसको छानो हुनु, आदी कारणले खास गरी चैत्र बैशाखमा छिट फुट रुपमा आगलागीका घटनाहरु हुने गर्दछन । बिशेष गरि गर्मीको समयमा बन डडेलो मुख्य

चुनौतीको रुपमा रहेको छ । साथै बढी घनाबस्तीहरु भएको क्षेत्रमा आगलागी भएमा छोटो समयमा धेरै घरहरुमा क्षती पुऱ्याउन सक्ने देखिन्छ ।

(ख) **बाढी पहिरो** बर्षातको समयमा अतिबृष्टिका कारण नदी नालाहरुमा साबिक भन्दा बढी मात्रामा पानी परि बहाव तिब्र रुपमा आउनाले बाढी पहिरो आउने र बिशेष गरी उत्तरी क्षेत्रमा भिरालो जग्गामा भुक्षय भई पहिरो जाने गरेको छ । बिशेष गरी सिद्धार्थ राजमार्गमा पर्ने सिद्धबाबा आसपास ईलाकामा बर्षायामको समयमा पहिरो गई यातायात अवरुद्ध भई आवागमनमा समेत असर पारेको देखिन्छ । यस्तै दक्षिण पूर्वमा माडी फांट नजिकमा रहेको सिस्ने खोला र धोवाडी खोलामा अविरल बर्षाको कारणबाट आउने बाढीले गर्दा माडी फांट किनारमा भएको बस्ती बढी प्रभावित भएको देखिएको छ ।

(ग) **भूकम्प** नेपालमा भूकम्पीय दृष्टिकोणले सक्रिय दरार चुरे पहाडको अग्रभागमा रहेको मेन फ्रन्टल थ्रष्ट पूर्व-पश्चिम दिशामा फैलिएको छ । अतः प्रदेश ५ को क्षेत्रहरुमा हिमालयन थ्रष्टमा संचित शक्तिको प्रवाह भई विनासकारी भूकम्प जाने प्रवल संभावना रहेको तथ्याङ्क भूकम्पविदहरुले अघी सारेका छन् । त्यसरी नै भूकम्पीय प्रकोपको नक्शाको आधारमा पनि यस क्षेत्रमा भविष्यमा जान सक्ने भूकम्पबाट उत्पन्न हुने प्रवेग उच्च रहेको छ ।

(घ) **महामारी** धेरै व्यक्तिहरुलाई एकै समय एकै किसिमका रोग लागेमा हुने महामारी अन्तर्गत झाडापखला, हैजा, रुघा र निमोनिया, जन्डीस जस्ता रोगहरु खास गरी बर्षायाममा फोहर खानेपानी र जनचेतना कमिको कारणले हुने गरेको देखिन्छ । २०६६ साल पछिको तथ्याङ्क हेर्दा यस जिल्लामा झाडापखालबाट त्यति धेरै महामारी भएको पाईदैन। विश्वव्यापी कोभिड-१९ महामारीले यस जिल्ला पनि संक्रमित रह्यो र रहेको छ ।

(ङ) **आंधिबेरी** फाल्गुणदेखी बैशाखको समयमा आंधिबेरी चली धनजनको क्षती हुने गरेको पाईन्छ ।

(च) **चटयाङ्ग** नेपालमा विशेषगरी चुरे तथा महाभारत क्षेत्रमा चटयाङ्गका घटनहरु बढी हुने गरेको पाईन्छ । तराई र पहाडलाई छुटयाउने चुरे क्षेत्रको नजिकमा पर्ने पाल्पा जिल्ला चटयाङ्गको पनि उच्च जोखिममा रहेको जिल्लामा पर्दछ । बर्षायामको समयमा चटयाङ्गबाट पनि धनजनको क्षती भईरहेको र हुने गरेको पाईन्छ ।

(छ) **अन्य** बर्तमान अबस्थामा जलबायु परिवर्तनको कारण बिभिन्न समस्याहरु उत्पन्न हुने अबस्थाहरु आएका छन । जंगलको बिनास तथा लामो खडेरीका कारण पानीका मुहान सुक्ने र खानेपानीको अभाव हुने समस्या बढ्दै गईरहेको छ । यसका साथै आन्तरिक द्वन्द्व, सांप्रदायीक दंगा, वातावरणीय प्रदुषण हुनाले बिभिन्न किसिमका घटना तथा रोगहरुबाट मानिसहरु पिडित भई असरको सामना गरी राख्नु परेको छ । अव्यवस्थित सडक संजाल ट्राफिक सचेतनाको कमी तथा यतायात सेवामा सेन्डिकेट प्रणालीले गर्दा हालका दिनहरुमा सवारी दुर्घटना बढी हुने गरेको पाईएको छ

### १३.४. जिल्ला तथा स्थानीय तहहरुबाट विपद् सम्बन्धी भए गरेका कार्यहरु

क. विपद प्रतिकार्य योजना निर्माण गरि कार्यान्वयन गरिएको, तत्काल खोज, उद्दार र राहत प्रदान गर्न QRT/IRT गठन गरि कार्यान्वयन गरिएको।

ख. सतह भन्दा बढी पानी भएमा स्थानीय नागरिकहरुलाई जानकारी दिनको लागि साइरन जडान गरिएको ।

ग. सचेतना अपनाउन माइकिङ र स्थानीय सञ्चार माध्यमबाट सूचना सम्प्रेषण ।

घ. सामुदायिक प्रहरीबाट विद्यालयमा विपदबाट जोगिनका लागि जानकारी प्रदान ।

ङ. विपद् प्रतिकार्य र क्षमता अभिवृद्धिका लागि स्थानीय तहमा तालिम सञ्चालन ।

### १३.५. विपद व्यवस्थापनमा देखिएका समस्याहरु

क. विपद् जोखिम न्यूनीकरण र विकास निर्माण कार्यबीच आवश्यक तालमेलको कमी हुनु ।

ख. कमजोर भू-बनोट , भिरालो र उच्च पहाड रहनु ।

ग. प्राकृतिक स्रोतहरुको अव्यवस्थित तथा अत्याधिक दोहन हुनु ।

घ. जोखिमयुक्त र न्युनतम मापदण्ड नपुगेका ग्रामिण सडक निर्माण हुनु ।

ङ. भुःउपयोग योजना , भवन संहिता निर्माण र कार्यान्वयन नहुनु ।

च. एकिकृत सूचना प्रणलीको अभाव हुनु ।

छ. संकटको आंकलन र पूर्वमूल्याङ्कन नहुनु ।

ज. अव्यवस्थित रुपमा सहरीकरण विस्तार हुनु ।

झ. आपतकालीन अवस्थाका लागि दक्ष र यथेस्ट मानव सा्रेत, उपकरण, बन्दोबस्ती र राहत सामाग्रीको कमि ।

ञ. अन्तरनिकाय संघ प्रदेश र स्थानीय तहबचि ठाडो (Vertical) र तेर्सो (Horizontal) रुपमा प्रभावकारी समन्वयको कमी ।

## १४. जिल्लामा कोभिड-१९ को रोकथाम नियन्त्रण र व्यवस्थापनको लागि २०७८ श्रावण देखि २०७८ पौष मसान्तसम्म संचालन गरिएको बैठक तथा निर्णयहरु

| सि.नं. | महत्वपूर्ण निर्णय | CCMC बैठक मिति |
|---|---|---|
| १ | १.सार्वजनिक सवारी संचालनको हकमा जनस्वास्थ्यका मापदण्डको पूर्ण पालना गरी लामो तथा छोटो दुरीका सवारी साधन सन्चालन गर्न अनुमति दिइएको ।<br>२. होटेल रेष्टुरेन्ट चिया तथा खाजा पसलहरु विहान ७ बजेवाट वेलुका ८ बजे सम्म मात्र संचालन गर्न अनुमति दिइएको । | २०७८/४/१० |
| २ | १. अत्यावश्यक दैनिक उपभोगका खाद्य सामाग्री विक्रि गर्ने पसल ग्यास, पेट्रोलियम पदार्थ तथा निर्माण सामाग्री लगायतका अन्य सबै पसलहरु विहान ७ बजेवाट वेलुका ५ बजे सम्म मात्र संचालन गर्न अनुमति दिइएको । | २०७८/४/२१ |

| | | |
|---|---|---|
| ३ | तेस्रो भेयन्टको संक्रमण रोकथाम र नियन्त्रणका लागि अपनाउनु पर्ने उपायहरु सहितको कार्य योजना तयार गरी १० दिन भित्र पेश गर्न स.प्र.जि.अ.को संयोजकत्वमा एक कार्यदल बनाइएको । | २०७८/४/३२ |
| ४ | भगवती जात्रा हरितालिका तिज लगायतका मेला पर्व र जात्राहरुमा भिडभाड नगर्ने । | २०७८/५/११ |
| ५ | नेपाल सरकारले जारी गरेको स्मार्ट लकडाउनको प्रावधान बमोजिम सम्बन्धित स्थानिय तहले कोभिड-१९ को संक्रमण जोखिमको अवस्थाको मूल्याङकन गरी विद्यार्थीहरुको भौतिक उपस्थतिमा शैक्षिक संस्थाहरु संचालन गर्ने नगर्ने सम्बन्धमा निर्णय गर्न सक्ने ।<br>२. पाल्पा जिल्लामा संचालित एम्बुलेन्सहरुमा १० के.जि.को कम्तिमा १/१ वटा अक्सिजन सिलिन्डर नेपाल रेडक्रस सोसाइटी पाल्पा शाखाले उपलब्ध गराउने । | २०७८/५/२३ |
| ६ | कोभिड-१९ को नयाँ भेरिययन्ट ओमिक्रोन नेपालमा समेत देखा परेको तथा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले तेस्रो लहर आउन सक्ने भएकोले सर्तकता तथा पूर्व तयारी गर्न सचेत गराएको सन्दर्भमा स्वास्थ्य सुरक्षाका मापदण्डहरु पालना गर्न तथा अत्यावश्यक काम नपरी भिडभाड हुने स्थानमा नजान सबै जिल्लाबासिहरुमा अनुरोध गरिएको । | २०७८/९/२१ |
| ७ | १.कोभिड -१९ को नयाँ भेरिययन्ट सहित संक्रमण बढ्न नदिन यस बर्षको माघे संक्रान्ति मेला, राजनितीक प्रशासनिक तथा साँस्कृतिक. कार्यक्रम जात्रा, महोत्सव, बार्षिक उत्सव, भेला, जुलुस तथा र्यालि जस्ता भिडभाड जन्य गतिविधि नगर्ने नगराउने ।<br>२. अति आवश्यक भई बैठक कार्यक्रम गर्नु परेमा २५ जना भन्दा बढी संख्यामा नहुने गरी स्वास्थ्य सुरक्षाका मापदण्ड पालना हुने गरी गर्न सकिने<br>३. मिति २०७८/१०/७ देखि लागू हुने गरी कार्यालय, होटेल, सिनेमा हल पार्क जस्ता सार्वजनिक स्थानहरुमा कोभिड -१९ विरुद्धको खोपकार्ड -मोबाइलमा खिचेको फोटो भए पनि हुने) हेरेर मात्र प्रवेश गर्न दिने ।<br>४. कोभिड -१९ को संक्रमणको सम्भावित तेस्रो लहरको सामना गर्न पहिले संचालनमा आएका क्वारेन्टाइन/आइसोलेसन केन्द्रलाई सबै स्थानिय तहले तयारी अवस्थामा राख्ने । | २०७८/९/२८ |

**कोभिड सम्बन्धी तथ्याङ्कीय विवरण (२०७८/०९/३० सम्म)**

| सि.नं. | विवरण | संख्या |
|---|---|---|
| १ | क्वारेन्टिन बेड संख्या | ० |
| २ | क्वारेन्टिनमा बसेका व्यक्ति संख्या | ० |
| ३ | आइसोलेसन बेड संख्या | २१० |
| ४ | जम्मा संक्रमित संख्या (Total Positive Case) | १०७६३ |
| ५ | निको भएको संख्या | १०४६२ |
| ६ | मृत्यु भएको संख्या | २५७ |

अन्य

- जिल्लाका स्थानीय तह संग समन्वय गरि कोभिड महामारी नियन्त्रणका लागि स्वास्थ्य, सुरक्षाका मापदण्ड कार्यान्वयन गर्ने ब्यबस्था मिलाइएको ।
- जिल्ला प्रशासन कार्यालयको वेबसाइट तथा फेसबुक पेज मार्फत आम जिल्ला बासीलाई सतर्कता अपनाउन, स्वास्थ्य सुरक्षाका मापदण्ड पालना गर्न सुसुचित गरिएको । Covid १९ New Variant समेतबाट बच्न आवश्यक सतर्कता अपनाउन जिल्लाका स्थानीय तह संग समन्वय गरिएको ।

## १५. अत्यावश्यक वस्तुको आपूर्ति र बजार अनुगमन

- बजारमा कृतिम अभाव, जम्माखोरी, कालो बजारी हुन गर्न नदिन र दैनिक उपभोग्य वस्तु तथा औषधि समेतको आपूर्ति, वितरण कार्यको आपूर्ति व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने र आपूर्तिको व्यवस्था सहज गर्ने कार्य भईरहेको ।
- यस अर्धबार्षिक अबधिमा १० पटक संयुक्त बजार अनुगमन भएको।

**अन्य**

→ परिबर्तित सन्दर्भमा जिल्लामा आबश्यक सुरक्षा सतर्कता अपनाई शान्ति सुरक्षाको भरपर्दो ब्यबस्था मिलाइएको।

→ जिल्ला स्थित सरकारी कार्यालयहरुमा सेवा प्रवाह प्रभावकारी बनाउन कार्यालयहरुको १० पटक आकस्मिक अनुगमन गरि समयपालन तथा अनुशासन कायम गर्ने व्यवस्था मिलाइएको।

→ सेवाग्राहीहरुको पृष्ठपोषण लाई सम्बोधन गरि कार्यालय परिसरमा मोबाइल चार्ज गर्ने व्यवस्था गरिएको।

## १६. पाल्पा जिल्लामा रहेका सरकारी कार्यालयको सम्पर्क विवरण

| SN | कार्यालयको नाम | मोबाइल नम्बर | टेलिफोन नम्बर |
|---|---|---|---|
| १ | जिल्ला प्रशासन कार्यालय पाल्पा | ९८५७०५७७७७ | ५२०१२४ |
| २ | जिल्ला समन्वय समितिको कार्यालय | ९८५७०४३२२२ | ५२०४२४ |
| ३ | पाल्पा जिल्ला अदालत | ९८५७०७२११० | ५२०११० |
| ४ | गोरखदल गण, नागपोखरी ब्यारेक | ९८५७०९५५५५ | ५२०५४६ |
| ५ | जिल्ला सरकारी वकिल कार्यालय | ९८५७०६८१५८ | ०७५-५२०१५८/५२०१६१ |
| ६ | जिल्ला प्रहरी कार्यालय | ९८५७०९५५५५ | ५२०५३६, ५२०१९९ |
| ७ | सशस्त्र प्रहरी बल नेपाल गुल्म | ९८५४०३०५७५ | ७५५२११७४ |
| ८ | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | ९८५७०६५०५९ | ५२००५९ |
| ९ | कोष तथा लेखा नियन्त्रण कार्यालय | ९८५७०६५२०३ | ५२०००३ |
| १० | शिक्षा विकास तथा समन्वय इकाइ | ९८५७०६५९८० | ५२०११९ |
| ११ | सहरी विकास तथा भवन कार्यालय, पाल्पा | ९८५५०२६७९८ | ०७५-५२०१५२ |
| १२ | खानेपानी तथा सरसफाई डिभिजन कार्यालय | | ७५५२०००७ |
| १३ | सडक डिभिजन कार्यालय | ९८५७०६५९२१ | ७५५२०९२१ |
| १४ | कृषि ज्ञान केन्द्र | ९८५७०६५२९४ | ५२०२९४ |
| १५ | भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र | ९८५७०६०८३६ | ७५५२०१४५ |
| १६ | जिल्ला स्वास्थ्य कार्यालय | ९८४७०३२७७५ | ५२१७३९ |
| १७ | डिभिजन वन कार्यालय | ९८५७०६२२७२ | ५२०००२ |
| १८ | भू तथा जलाधार व्यवस्थापन कार्यालय | ९८५७०६२८६४ | ५२०१३९ |
| १९ | जलस्रोत तथा सिंचाई विकास डिभिजन | ९८५७०६०३९० | ५२००८१ |
| २० | कारागार कार्यालय | ९८५७०७३७७७ | ५२०१५३ |
| २१ | मालपोत कार्यालय, रामपुर | | ०७५-४००४२७ |
| २२ | घरेलु तथा साना उद्योग कार्यालय | ९८५७०६०४३२ | ५२०२३२ |
| २३ | तानसेन नगरपालिका कार्यालय | ९८५७०७४१११ | ५२०१०९ |
| २४ | सुन्तलाजात फलफूल विकास केन्द्र | ९८४३२१७६४४ | ५२०१४७ |
| २५ | जिल्ला हुलाक कार्यालय | ९८५७०७५१४६ | ७५५२०१४६ |
| २६ | शाखा तथ्यांक कार्यालय | ९८५७०७८५१२ | ७५५२०५१२ |
| २७ | जिल्ला निर्वाचन कार्यालय | ९८४६१२२६८२ | ०७५-५२०९३५ |
| २८ | शैक्षिक तालिम केन्द्र | ९८४७०२९८८३ | ५२०३०१ |
| २९ | प्रधानमन्त्रि कृषि आधुनिक परियोजना | ९८५७०६८१८१ | ७५५२११८० |
| ३० | पाल्पा आयुर्वेद स्वास्थ्य केन्द्र | ९८५७०२०८२३ | ७५५२०८२३ |
| ३१ | करदाता सेवा कार्यालय | ९८५७०७४११७ | ५२०११७ |

| | | | |
|---|---|---|---|
| ३२ | नापी कार्यालय | ९८५७०६८३०८ | ०७५(५२०००८ |
| ३३ | कालिगण्डकी कोरिडोर सडक योजना | ९८५७०६५५५२ | ७५५२१५५२ |
| ३४ | रामपुर नगरपालिकाको कार्यालय | | ५४००१४५ |
| ३५ | विशेष नापी कार्यालय | ९८५७०६५००८ | ७५५२०१९७ |
| ३६ | नेपाल विद्युत प्राधिकरण | ९८५७०७५५११ | ५२०५११ |
| ३७ | कृषि सामाग्री कम्पनी लिमिटेड | ९८४७१०५८८१ | ५२०१३८ |
| ३८ | यातायात व्यवस्था कार्यालय | ९८६७२४१८९० | ५२०४९९ |
| ३९ | पूल योजना पश्चिम सेक्टर क्षेत्र नं. ४ | ९८५७०४७०५५ | ७५५२१२९९ |
| ४० | सामाजिक स्वास्थ्य बिमा विकास समिति | | ५२११९६ |
| ४१ | नेपाद टेलिकम दूरसंचार कार्यालय | ९८५१००४८४४ | ७५५२०१०१ |
| ४२ | नेपाल बैंक लिमिटेड | ९८५७०६०२६६ | ५२२६५४, ५२०१३० |
| ४३ | राष्ट्रिय वाणिज्य बैंक | ९८५७०६०९९४ | ५२०१३४ |
| ४४ | कृषि विकास बैंक | | ५२२५५०, ५२०१४२ |
| ४५ | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | ९८५७०२१४९५ | ०७५(५२१४९५ |
| ४६ | मालपोत कार्यालय, पाल्पा | ९८५७०६५१०६ | ७५५२०१०६ |
| ४७ | सामाजिक विकास डिभिजन कार्यालय | ९८५७०७७६२० | |
| ४८ | सडक पूर्वाधार विकास कार्यालय पाल्पा | ९८५७०६०९३७ | ० |
| ४९ | पाल्पा दरबार संग्रहालय | ९८५७०२२१३२ | |
| | | | |
| | **स्थानीय तहका प्रमुख प्रशासकीय अधिकृतहरुको सम्पर्क नं.** | | |
| १ | तानसेन नगरपालिका | ९८५७०७४१११ | |
| २ | रामपुर नगरपालिका | ९८५७०७५१११ | |
| ३ | रिब्दीकोट गाउँपालिका | ९८५७०७५३०७ | |
| ४ | रैनादेवी छहरा गाउँपालिका | ९८५७०७२०२५ | |
| ५ | रम्भा गाउँपालिका | ९८५७०६८७७० | |
| ६ | माथागढी गाउँपालिका | ९८५७०६८५६८ | |
| ७ | पूर्वखोला गाउँपालिका | ९८५७०६८५७५ | |
| ८ | निस्दी गाउँपालिका | ९८५७०७९२१० | |
| ९ | तिनाउ गाउँपालिका | ९८५७०११०९८ | |
| १० | बगनासकाली गाउँपालिका | ९८५७०६८८६८ | |

## १७. जिल्ला प्रशासन कार्यालयमा पेश गरिने निवेदनको नमूना/ढाँचा

### १७.१ माईतिको नामथर वतन कायम गरी संशोधित प्रतिलिपि माग निवेदन

रु १० को टिकट

मितिः २०७.../...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : माइतिको नामथर वतन कायम गरी नागरिकताको प्रमाणपत्र /संशोधित प्रतिलिपि पाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ...................................... गा.पा. / न.पा. वडा नं.......... ( साविक ............................गा.वि.स. / न.पा. वडा नं. ....... ) बस्ने ........................................ को नातिनी ..........................................को छोरी ...................................ले ............. जिल्ला ................................. .न.पा./गा.पा ...... वडा नं. ........................... बस्ने ................................................ को नाति .................................... को छोरा .................................. संग मिति ....................... मा विवाह भएकोमा ............ ........ अदालतको मिति ................. आदेश र ................................ को मिति ........................ को सम्बन्ध विच्छेद प्रमाण पत्र सहित हाल अन्यत्र विवाह नभएकोले मलाई माइतीको थर, वतन कायम गरी नागरिकता प्रमाणपत्र / संशोधित ना.प्र.को प्रतिलिपि उपलब्ध गराइदिनुहुन अनुरोध छ ।

**संलग्न कागजातहरु**

१. मेरो/आमा/बुवा/पत्निको नेपाली नागरिकता प्रमाणपत्र
२. जन्मदर्ता / शैक्षिक योग्यताको प्रमाणपत्र
३. सम्बन्ध विच्छेद प्रमाणपत्र
४. ..............................

**निवेदक**
हस्ताक्षरः ...........................
नाम : ...............................
ठेगाना :............................

## १७.२ नागरिकता प्रमाणपत्रको अभिलेखका लागि दिने निवेदन ढाँचा

रु १० को
टिकट

मितिः २०७.../...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : ना.प्र.को अभिलेख पाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ..............................गा.पा. / न.पा वडा नं. ....... टोल ...................... (साविक ................ गा.वि.स. / न.पा वडा नं. .... टोल .................. ) निवासी .................................... को नाति/नातिनी, .................................... को छोरा/छोरी/श्रीमती ................................ ले यस कार्यालयबाट मिति ...................मा ना.प्र.नं. ........................... को नागरिकता प्रमाणपत्र लिएको हुँदा सो को अभिलेख उपलब्ध गराईदिनुहुन यो निवेदन पेश गरेको छु ।

**संलग्न कागजातहरु**

१. नेपाली नागरिकता/ना.प्र.नं.
२. ............................

**निवेदक**
हस्ताक्षरः .........................
नाम : ............................
ठेगाना :...........................

**१७.३ District Verification Sample**

**नेपाल सरकार**

गृह मन्त्रालय

जिल्ला/इलाका प्रशासन कार्यालय, ............

<u>नागरिकता प्रमाणपत्र/नाबालक परिचयपत्र प्रमाणिकरण</u>

| सम्बन्धित अधिकारीबाट प्रमाणित गरिएको आवेदकको फोटो |
|---|

संकेत नं.

नाम:-

थर:-

जन्म मिति:-

नागरिकता/नाबालक परिचय पत्र नं.

नागरिकता/नाबालक परिचय पत्र जारी मिति:-

नागरिकता/नाबालक परिचय पत्र जारी गर्ने अधिकारी:-

पुरानो राहदानी नं.

पुरानो राहदानी जारी मिति:-

बाबु/आमाको नाम र नागरिकता प्रमाणपत्र नं. :-

प्रतिलिपी नागरिकता (कतिऔं) लिए/नलिएको:-

प्रतिलिपी नागरिकता लिएको मिति:-

प्रमाणित गर्ने अधिकारीको हस्ताक्षर

नाम:-

कार्यालयको छाप

पद:-

मिति:-

सम्पर्क नं.

## १७.४ राहदानी उपलब्ध / द्रुत सिफारिसको लागि निवेदनको ढाँचा

रु १० को टिकट

मिति: २०७.../...../....

श्रीमान् प्रमुख जिल्ला अधिकारी ज्यू,
जिल्ला प्रशासन कार्यालय, पाल्पा ।

**विषय : राहदानी उपलब्ध /द्रुत सिफारिस गराईपाउँ ।**

प्रस्तुत विषयमा पाल्पा जिल्ला ......................... गा.पा./न.पा वडा नं. ......... टोल ....................... (साविक.................गा.वि.स./न.पा वडा नं..... टोल .................. ) निवासी ......................... को नाति/नातिनी, ...................... को छोरा/छोरी/श्रीमती ............................ ले यस कार्यालयबाट मिति ................ मा जारी भएको नं. ............... को राहदानी ..................... देखि .................... जाँदा हराएकोले/च्यातिएको/ झुत्रो भएको/पाना सकिएको/.................... भएकोले अर्को राहदानी बनाईदिनुहुन / द्रुत सेवा सिफारिस गरिदिनुहुन यो निवेदन पेश गरेको छु ।

**<u>संलग्न कागजातहरु</u>**

१. नेपाली ना.प्र. को छायाँप्रति
२. पुरानो सक्कलै राहदानी/छायाँप्रति
३. सक्कलै T.D.
४. ..............................


**<u>निवेदक</u>**

हस्ताक्षर: ..........................
नाम : ..............................
ठेगाना :...........................

१८. तस्बीर

कोभिड - १९ संक्रमण रोकथाम र न्यूनिकरणको लागि सेवाग्राही कार्यालय प्रवेश गरेपछि साबुन पानीले हात धुने व्यवस्था ।




नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय, पाल्पा
नागरिक वडापत्र


नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
पाल्पा
श्री शशीधर घिमिरे
सूचना अधिकारी
पदः- सहायक प्रमुख जिल्ला अधिकारी
श्रेणीः- रा.प. द्वितीय
मोबाइल नं.: ९८५७०६०३३३
ईमेलः daopalpa@gmail.com


जिल्ला प्रशासन कार्यालय
पाल्पा
गुनासो तथा सुझाब पेटिका


## कार्यालय प्रवेशद्वारको छेउमा कोठा नं. सहितको शाखाहरुको सूची





**सेवाग्राहीहरुको लागि Free Wi-Fi सहितको प्रतिक्षालय**





जिल्ला प्रशासन कार्यालयको इजलास



जिल्ला प्रशासन कार्यालयको बैठक/सभा हल

नागरिक सहायता कक्षमा सेवाग्राहीले सेवा लिदै ।




मोबाइल चार्ज गर्ने स्थान ।



**सेवाग्राहीहरुले प्रतिक्षालयमा पालो पर्खिंदै ।**



अर्धवार्षिक बुलेटिन ०७८/०७९ जिल्ला प्रशासन कार्यालय, पाल्पा

## जिल्ला प्रशासन कार्यालय, पाल्पा


Website: http://daopalpa.moha.gov.np

Email : daopalpa@gmail.com

Facebook page: https://www.facebook.com/dao.palpa.148

Facebook Id : जिल्ला प्रशासन कार्यालय, पाल्पा

Contact Number: 075-520125 / 520124